साल्पासिलिछो गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय भोजपुर कोशी प्रदेश नेपाल

गाउँकार्यपालिका बैठक संख्या ०२/०८१।८२

आज मिति २०८१ असोज ०९ गते, नेपाल सम्बत ११४४ ञलागा ८ बुधबारका दिन विहान ११:०० बजे गाउँपालिका अध्यक्ष श्री दौलथ कुलुङ ज्यूको अध्यक्षतामा देहाय बमोजिम उपस्थितीमा कार्यपालिका बैठक सम्पन्न भयो ।

उपस्थिती

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दौलथ कुलुङ | अध्यक्ष | |
| २ | श्री अस्मिता कुलुङ | उपाध्यक्ष | |
| ३ | श्री गणेश बुढाथोकी | वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री गणेश खत्री | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री विनोद राई | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री संजय राई | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री शिवकुमार राई | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री विक्रम बन सन्यासी | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री सुरज राई | कार्यपालिका सदस्य | |
| १० | श्री दिल कुमार राई | कार्यपालिका सदस्य | |
| ११ | श्री निमदिकी शेर्पा | कार्यपालिका सदस्य | |
| १२ | श्री देशमाया दर्जी | कार्यपालिका सदस्य | |
| १३ | श्री कलावती राई | कार्यपालिका सदस्य | |
| १४ | श्री उर्मिला विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १५ | श्री बुनु राई | सचिव | |

अन्य उपस्थिति

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुस्मा अधिकारी | सहायक पाँचौ | |
| २ | श्री झक्क अधिकारी | लेखा प्रमुख | |
| ३ | श्री मणिकुमार श्रेष्ठ | सहायक कम्प्युटर अपरेटर माइनेट लेखन | |

# अनुसुची -१

**प्रस्तावको ढाँचा**

(वुंदा ५.२ संग सम्वन्धित)

## साल्पासिलिछो गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## भोजपुर, कोशी प्रदेश, नेपाल

विषय: बैठकमा प्रश्ताव पेश गरिएको सम्बन्धमा ।

प्रश्ताव पेश गर्न अध्यक्षबाट स्वीकृती प्राप्त मिति २०८१।०६।०९

**प्रस्ताव नं १,** आ ब २०८१/०८२ को योजना तथा कार्यक्रम सञ्चालन सम्बन्धमा ।

**प्रस्ताव नं २,** २०८१ साउन १५ गतेको बाढी पहिरोको अनुगमनका रकम भुक्तानी सम्वन्धमा ।

**प्रस्ताव नं ३,** २०८१ साउन १५ गते तथा विभिन्न समयमा आएको बाढी पहिरोबाट भएको क्षतिबाट प्रभावितहरुलाइ राहत वितरण गर्ने सम्वन्धमा ।

**प्रस्ताव नं ४,** जिल्ला अदालत भोजपुरमा प्रतिउत्तर फिराउने सम्वन्धमा ।

**प्रस्ताव नं ५,** उच्च अदालत विराटनगरको इजलास धनकुटाको पेशीमा सहभागि हुने सम्वन्धमा ।

**प्रस्ताव नं ६,** राजश्व परामर्ष समिति सम्बन्धमा ।

**प्रस्ताव नं ७,** कर्मचारी कल्याण कोष सम्बन्धमा ।

**प्रस्ताव नं ८,** कुलुङ स्वास्थ्य चौकीमा एक्सरे सेवा सञ्चालन सम्वन्मा सम्बन्धमा ।

**प्रस्ताव नं ९,** सवारी साधन सञ्चालन मापदण्ड सम्बन्धमा ।

**प्रस्ताव नं १०,** कर्मचारीका सिनियरटी निर्धारण गर्ने सम्बन्धमा ।

**प्रस्ताव नं ११,** गत आ ब को रकम भुक्तानी सम्बन्धमा ।

**प्रस्ताव नं १२,** विपद् पछिको मोटरबाटो निर्माण सम्वन्धमा ।

**प्रस्ताव नं १३,** अस्थायी आवास निर्माणका लागि सर्वदलिय सम्यन्त्र गठन गर्ने सम्वन्धमा ।

**प्रस्ताव नं १४,** पंजीकरण कर्मचारीको तलब सम्वन्धमा।

**प्रस्ताव नं १५,** डोजर सुचीकर्त तथा दर रेट सम्बन्धमा ।

**प्रस्ताव नं १६,** जनमित्र आ बि साझेदारी सम्बन्धमा ।

**प्रस्ताव नं १७,** गाउँपालिका अर्थिङ सम्बन्धमा ।

**प्रस्ताव नं १८,** कृषि उपजको न्युनतम समर्थन मुल्य निर्धारण सम्वन्धमा ।

२०८१/०६/०९

CS CamScanner

निर्णयहरु

निर्णय नं. १,

प्रस्ताव नं. १ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिकाको आ.ब. २०८१/०८२ को कार्यक्रम तथा योजना सञ्चालन गर्नका लागि प्रत्येक वडामा टोल विकास संस्था गठन, उपभोक्ता समिति गठन तथा टोल विकास संस्था र उपभोक्ता समितिका पदाधिकारीहरुलाई प्रशिक्षण तथा टोलविकास संस्थालाई प्रमाण-पत्र वितरण गर्ने कार्य २०८१ मंसिर १५ गते भित्रमा गरिसक्ने निर्णय गरियो ।

निर्णय नं.२,

प्रस्ताव नं. २ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिका २०८१ साउन १५ आएको अविरल बर्षको कारण गाउँपालिकाको विभिन्न वडामा भएको क्षतिको निरीक्षण अनुगमन गर्दा तथा विपतको कारण क्षति भएको संरचनाहरुको मर्मत सुधार गरेबापतको देहाय अनुसारको रकम विपद् व्यवस्थापन कोष अन्तरगत फोहोर मैला तथा डम्पिङसाइड व्यवस्थापक शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**तपशील :**

१) साल्पासिलिछो वडा नं. १ गौडेनीमा रहेको पक्की पुलमा भएको क्षतिको मर्मत गर्दा बखतको वडा कार्यालयको सिफारिसको आधारमा रु. ६२३१०।००

२) वडा नं. ३ चौकीडाँडाको ककुवादेखी गाउँपालिका सम्मको मोटरबाटो मर्मत बापतको वडाको सिफारिसको आधारमा रु. ४८०००।००

३) २०८१ साउन १५ गते तथा विभिन्न समयमा भएको बाढी पहिरोको अनुगमन तथा निरीक्षण गर्दाको सवारी खर्च तथा अन्य रु. १३६४४०।००

निर्णय नं.३,

प्रस्ताव नं. ३ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिका विभिन्न मिति र सययमा वडामा आएको वाढी/पहिरोबाट भएको क्षतिको एकीन गर्नका लागि गाउँपालिकाको उपाध्यक्ष श्री अस्मिता कुलुङ राई ज्यूको संयोजकत्वमा तीन सदस्यीय विपद् अनुगमन तथा मुल्यांकन समिति गठन गर्ने निर्णय गरियो ।

**तपशील:**

श्री अस्मिता कुलुङ राई (उपाध्यक्ष) -संयोजक

श्री सुरज राई (कार्यपालिका सदस्य) -सदस्य

श्री मणिकुमार श्रेष्ठ (विपद सम्पर्क व्यक्ति) -सदस्य

**निर्णय नं.४,**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिका कार्यालयलाई विपक्षी बनाई जिल्ला सुनसरी ईटहरी उपमहानगरपालिका वडा नं. ६ बस्ने मिन बहादुर थापाले २०८१ साउन २१ गते सम्मानीन जिल्ला अदालत भोजपुरमा (**करार बमोजिम रकम र क्षतिपुर्ति समेत दिलाई पाउ**) भनी फिराद-पत्र पेश गर्नु भएको हुनाले मुद्दा नं. ०८१-CP-०००६ फिराद-पत्रको प्रतिउत्तर पेश गर्नका यस गाउँपालिकाको सहायक कम्प्युटर अपरेटर मणिकुमार श्रेष्ठलाई जिम्मेवारी दिई सम्बन्धीत मुद्दाको न्यायिक निरुपण र किनारा सम्मका लागि सम्बन्धीत योजनाको बजेट शिर्षकको कन्टेन्जेन्सी मार्फत खर्च गर्ने गरी रु ६००००।०० (अक्षरेपी साठी हजार मात्र) रकम अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.५,**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिका कार्यालय, २ नं. वडा कार्यालय, २ नं. वडाध्यक्ष गणेश खत्री, वडा नं. २ को अ सब ईन्जिनियर मिलन राई, गाउँपालिका इन्जिनियर सरोज अधिकारी, साल्पासिलिछो वडा नं. १ देखी गोथेबजार सम्म सडक बोर्डको साझेदारीमा भएको योजना कुलुङ देखी गोथेबजार सम्मको मोटरबाटो स्तरउन्नतीको निर्माण कार्यको ठेक्का लिएको निर्माण व्यवसायी ज्ञानेन्द्र राई लाई विपक्षी बनाई, साल्पासिलिछो गाउँपालिका वडा नं. २ निवासी यसोदा राई र दलबहादुर गिरीले सम्मानीन उच्च अदालत विराटनगर अस्थाई इजालस धनकुटामा, (**अन्तरिम आदेश सहितको निषेधाज्ञायुक्त परमादेश लगायतको जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ**) भन्ने पेश गर्नु भएको निवेदनको प्रतिउत्तर फिराई उक्त मुद्दाको न्यायिक निरुपण गर्नका लागि लागि यस गाउँपालिका कार्यालयको सहायक कम्प्युटर अपरेटर मणिकुमार श्रेष्ठलाई जिम्मेवारी दिई उक्त मुद्दाको अन्तिम कारवाही किनारा लगाउनको लागि सम्बन्धीत योजनाको कन्टेन्जेन्सी रकमबाट खर्च गर्ने गरी रु. ५००००।०० (अक्षरेपी पचास हजार मात्र) रकम अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६,**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिका कार्यालयको राजश्व परामर्ष समितिबाट पेश भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.७,**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिका कार्यालय तथा मातहतको कार्यालयमा कार्यरत अस्थायी तथा सेवा करारका कार्यरत कर्मचारीलाई योगदानका आधारित सामाजिक सुरक्षा कोष तथा कर्मचारी कल्याण कोष परिचालन गर्ने विषयमा आवस्यक अध्ययन गर्नका लागि गाउँपालिकाको संस्थागत सुशासन समितिका संयोजक श्री गणेश बुढाथोकीको संयोजकत्वमा अध्ययन समिति गठन गर्ने निर्णय गरियो ।

**तपशील :**

| | | |
|---|---|---|
| श्री गणेश बुढाथोकी | (संस्थागत सुशासन समिति संयोजक) | -संयोजक |
| श्री सुस्मा अधिकारी | (सहायक पाँचौ) | -सदस्य |
| श्री मणिकुमार श्रेष्ठ | (सहायक कम्प्युटर अपरेटर) | -सदस्य |

## निर्णय नं.८,

प्रस्ताव नं. ८ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिका कुलुङ स्वास्थ्य चौकी वडा नं. २ कुलुङमा एक्सरे सेवा सञ्चालन गर्न तथा समग्र स्वास्थ्य चौकीको व्यवस्थापकीय तथा प्रशासनिक सेवा लगायतको बिषयमा छलफल गर्नका लागि साल्पासिलिछो गाउँपालिका १ नं. वडा कार्यालय र २ नं. वडा कार्यालयको अगुवााईमा स्वास्थ्य चौकी कुलुङमा व्यवस्थापन समिति तथा सरोकारवाला व्यक्तिहरुको उपस्थितिमा वैठक बसी आवस्यक आवस्यक निर्णय गर्न अनुरोध गर्ने निर्णय गरियो ।

यसैगरी स्वास्थ्य चौकी कुलुङमा एक्सरे सेवा सञ्चालन गर्नका लागि १ जना रेडियोलोजिष्ट को दरबन्दी सिर्जना गरी दरखास्त आव्हान गर्ने निर्णय गरियो । स्वास्थ्य चौकी कुलुङमा कार्यरत फार्मेसी सहायक पदमा कार्यरत श्री किशोर भट्टलाई आ.ब. २०८१/०८२ को असोज महिनाबाट खाईपाई आएको तलवमानको २५ प्रतिशत प्रोत्साहन रकम उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं.९,

प्रस्ताव नं. ९ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिका कार्यालयको सवारी साधन सञ्चालन गर्नका लागि आवस्यक व्यवस्थापन गर्नका लागि प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो ।

## निर्णय नं.१०,

प्रस्ताव नं. १० माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिका कार्यालय तथा मातहतको कार्यालयले अधिकार प्रत्यायोजन गर्दा तथा कर्मचारीको सिनियरिटिको बारेमा गाउँपालिका प्रशासनबाट आवस्यक पहल गर्ने निर्णय गरियो ।

## निर्णय नं.११,

प्रस्ताव नं. ११ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिका कार्यालयबाट आ.ब. २०८०/०८१ मा सञ्चालन भएको देहायका योजना तथा कार्यक्रमको रकम भुक्तानी दिने निर्णय गरियो ।

तपशील :

| क्र.सं. | योजना/कार्यक्रमको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | सडक बोर्डको साझेदारीमा भएको (कुलुङ देखी गोथेबजार सम्म मोटरबाटो स्तरउन्नती) | साल्पासिलिछो गाउँपालिका | ठेक्का सम्झौता अनुसार |
| २ | वडा नं. १ र २ को पुर्व पटिको कज-वे निर्माण | साल्पासिलिछो वडा नं. १ र २ | ठेक्का सम्झौता अनुसार |
| ३ | वडा कार्यालय भवन निर्माण | वडा नं. १ कुलुङ | १८००००।०० |
| ४ | जैविक विविधता संरक्षण बापत | साल्पासिलिछो गाउँपालिका | ५००००।०० |
| ५ | मेम्पाङ खाटाम्मा मोटरबाटो स्तरउन्नती | साल्पासिलिछो ४ | ४०००००।०० गापा समपुरक |

## निर्णय नं.१२,

प्रस्ताव नं. १२ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिका वडा नं. ३, ४, ५ र ६ को मुख्य मोटरबाटोमा अविरल बर्षाको कारण पुर्ण रुपमा आवागमन रोकिने गरी क्षति भएको हुनाले उक्त मोटरबाटो खुलाउनका लागि प्राविधिक स्टीमेटको आधारमा बराह मल्टीपावर क्म्पनी, आरती पावर कम्पनी र माथिल्लो फेदीखोला जलविद्युत आयोजनासँग सामाजिक उत्तरदायित्व अन्तरगतको कोषबाट विपदको कारण क्षति भएको मोटरबाटो निर्माणको लागि अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं.१३,

प्रस्ताव नं. १३ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिकाको विभिन्न वडामा भएको बाढी पहिरोको कारणले घरबार विहिन भएको विपद प्रभावितहरुको अस्थाई आवास निर्माणको लागि (विपदबाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान मापदण्ड, २०८१) अनुसार लाभग्राही पहिचान गरी अस्थायी आवास निर्माण कार्यलाई अगाडी बढाउन सम्पुर्ण वडा कार्यालयमा परिपत्र गर्ने निर्णय गरियो ।

## निर्णय नं.१४,

प्रस्ताव नं. १४ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिका कार्यालयमा नेपाल सरकार गृह मन्त्रालय अन्तरगत पञ्जीकरण विभागबाट स्वीकृत भई आएको एम.आई.एस. अपरेटर र १ जना फिल्ड सहायकको मात्र तलव प्राप्त भई आएकोमा यस पालिकाको फिल्ड सहायकमा पुर्णधन राई र किशोर कुमार खत्री कार्यरत रहनुभएकोमा फिल्ड सहायक पुर्णधन राईलाई सोही सेवामा कायम राखी अर्का फिल्ड सहायक किशोर कुमार खत्रीलाई सामी परियोजना अन्तरगतको साझेदारीबाट तलव खुवाउने निर्णय गरियो ।

## निर्णय नं.१५,

प्रस्ताव नं. १५ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिका कार्यालयबाट सञ्चालन भएको योजना परियोजना तथा अन्य निकायबाट सञ्चालन भएको योजनामा डोजर प्रयोग गर्दा डोजर व्यवसायीहरुले अनिवार्य रुपमा गाउँपालिका कार्यालयमा सुचीकृत गर्ने निर्णय गरियो । साथै गाउँपालिकाबाट देहाय बमोजिम डोजर सञ्चालन समितिको निर्णय अनुार देहाय अनुसार दररेट निर्धारण गर्ने निर्णय गरियो ।

| क्र.सं. | मेसिनको प्रकार | | प्रतिघण्टा | | कैफियत |
|---|---|---|---|---|---|
| | | | बकेट | ब्रेकर | |
| १ | स्काईभेटर | वडा १-४ | ६००० | ७००० | गाउँपालिकाको तेल प्रयोग गर्दा |
| | | वडा ५-६ | ६५०० | ७५०० | गाउँपालिकाको तेल प्रयोग गर्दा |
| | | वडा १-६ | २००० | २५०० | सम्बन्धीत प्रयोगकर्ताले तेल प्रयोग गर्दा |
| २ | ब्याक-हो लोडर | वडा १-६ | ३००० | | गाउँपालिकाको तेल प्रयोग गर्दा |
| | | | १००० | | सम्बन्धीत प्रयोगकर्ताले तेल प्रयोग गर्दा |

(नोट: गाउँपालिकाको मेसिन प्रयोगकर्ता आफैले तेल प्रयोग गर्दा गाउँपालिकाको तर्फबाट अपरेटर तथा हेल्परको तलवभत्ता उपलव्ध गराउनु पर्दछ । गाउँपालिकाको डोजर सञ्चालक समितिको सदस्य सचिवमा सब-ईन्जिनियर जगदिश रोकाहालाई तोक्ने निर्णय गरियो ।)

**निर्णय नं.१६,**

प्रस्ताव नं. १६ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिका कार्यालय, जनमित्र आ.वि. साल्पासिलिछो गा.पा. ६ याङ्मा र युनाईटेड वल्ड स्कुलको साझेदारीमा जनमित्र आ.वि.को भवन निर्माणको कार्यभएकोमा प्राविधिक मुल्यांकनको आधारमा गाउँपालिकाबाट भुक्तानी दिनुपर्ने रकम विद्यालयलाई गाउँपालिकाको समपुरक कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.१७,**

प्रस्ताव नं. १७ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिका कार्यालय तथा मातहतको कार्यालयमा अर्थिङ व्यवस्थापनको लागि सम्बन्धीत वडा कार्यालयलाई अर्थिङ जडानको लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७,**

प्रस्ताव नं. १७ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिका कार्यालय तथा मातहतको कार्यालयमा अर्थिङ व्यवस्थापनको लागि सम्बन्धीत वडा कार्यालयलाई अर्थिङ जडानको लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८,**

प्रस्ताव नं. १८ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिका भित्र उत्पादीत बस्तु तथा थोक तथा खुद्रा पसलहरुबाट विक्री गरिने बस्तुको न्युनतम मुल्य तोक्ने निर्णय गरियो । न्युनतम मुल्य निर्धारणको लागि गाउँपालिका अध्यक्ष श्री दौलथ कुलुङ ज्यूको संयोजकत्वमा गाउँपालिकाको आर्थिक विकास समितिको संयोजक संजय राई सदस्य रहने गरी दुई सदस्यीय अध्ययन समिति गठन गर्ने निर्णय गरियो ।